# संघीय संसद
# राष्ट्रिय सभा
# चौधौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १६ कार्तिक २०८०
# बिहीवार
# बैठक सङ्ख्या- ४७

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय इन्दिरा देवी गौतम ।

(१३:०३ बजे) **माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, अक्टोबर ७ तारिखका दिन हमासमा प्यालेस्टाइन विद्रोही समूह हमासले गरेको आक्रमणको दिनदेखि बेपत्ता पारिएका कञ्चनपुरका विद्यार्थी विपिन जोशीका बारेमा समाचारमा आएअनुसार उनी हमासको नियन्त्रणमा रहेको भनिएको छ । विभिन्न मुलुकहरूले बन्धकमा रहेका

आफ्ना नागरिक छुटाउन पहल गरेको र कतिपय छुटिरहेको अवस्था छ । विपिन जोशीका बारेमा उनको के कस्तो अवस्था छ? र उनलाई छुटाउन सरकारको तर्फबाट के कस्तो पहल भइरहेको छ । यस सम्बन्ध सदनलाई जानकारी गराइयोस् । साथै वैदेशिक रोजगारीको लागि मेनपावरले खाडी मुलुक वा अन्य गन्तव्य मुलुक पठाइदिने फ्री भिसा, फ्री टिकट भन्ने गरेको तर गाउँ गाउँमा महिनाको ४/५ लाख कमाइ हुन्छ भन्ने लोभ देखाएर एजेन्टले एक जनाबाट १५/२० लाखसम्म उठाइरहेको र लाखौं युवाहरू घर खेतसमेत बेचेर, सम्पत्ति सकेर अवैध बाटोबाट विभिन्न बहानामा असुरक्षित..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय गंगा कुमारी वेलबासे ।

(१३:०४ बजे) **माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, सुदूरपश्चिम विश्वविद्यालयबाट इजरायलमा पढ्दै, कमाउँदै गर्ने गरी गएका नेपाली विद्यार्थीहरूको हमासको आक्रमणमा परी मृत्यु हुनेहरूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

बजारमा रहेको चिनीको अभाव छिट्टै समाधान गर्न कालो बजारी नियन्त्रण गर्न सम्बन्धित पक्षको ध्यानाकर्षण गर्दछु । दसैं, तिहार, न्हूदया भिन्तुना, छठको सबै नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु । हस्, धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य गोपाल भट्टराई ।

(१३:०५ बजे) **माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- हामी अहिले यो विभिन्न खालको महङ्गीको मारमा परेका छौं । खास गरेर आधारभूत तहका जनताको चुलोमा अहिले दसैं, तिहार राम्रोसँग जाने अवस्था छैन ।

चिनी बजारको कुनै दुकानमा पाइँदैन । कहीं साल्ट ट्रेडिङ, यो क्यारे खाद्य संस्थान भएका ठाउँमा केही अलिकति दिने गरिया छ भन्ने सुनिन्छ । त्योभन्दा बाहेक कहीं पाइँदैन । जनताले

बोर्डर क्रस गरेर आफ्नो उपयोगको निम्ति ल्याएको चिनी समात्ने र उनीहरूलाई सजाय दिने गरिन्छ । यता अन्य सामग्रीहरूको महङ्गी चरम चुलीमा पुगेको छ । यसप्रति कतै ध्यान गएको देखिँदैन । त्यसो भएको हुनाले यसतर्फ ध्यानाकर्षण गराउन चाहन्छु । अहिले..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य तुलसा कुमारी दाहाल ।

(१३:०६ बजे) **<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, धनुषा जिल्ला, नगराइन विवाह भएकी आरती साहको २०८० साल जेठ ६ गते ससुरालीमा उनको हत्या हुन्छ । बेहोस भनेर माइतीलाई बोलाइन्छ । र आज माइतीघर मण्डलामा आएर बसेको १३९ दिन भइसक्यो । न्यायको लागि उनको परिवारले न्यायको माग गरिरहेका छन्, हत्याको छानबिनको कुरा गरिरहेका छन् तर सरकार कहाँ छ? सरकारले देखेको, सुनेको छ कि छैन । र उनीहरूले एउटा प्रश्न सरकारलाई उठाइरहेका छन् । हामीलाई तेर्साइरहेका छन् । हामी यो देशका नागरिक हौं कि होइनौं? हामीले न्याय पाउन सक्छौं कि सक्दैनौं? भनिरहेका छन् । त्यसैले म सम्माननीय अध्यक्षमार्फत यो सरकार कहाँ छ? के गर्दै छ? जाहेरी लिन किन मानिरहेको छैन? अनुसन्धान गर्न किन चाहिरहेको छैन?

आरतीको परिवार अहिले पनि धर्नामा त्रसित र असुरक्षित अवस्थामा रहेको छ । त्यो भ'को हुनाले, यो तराई र मधेसको ठुलो समस्या पनि हो दहेज प्रथा । म सरकारवाला पक्ष र खास गरी गृह मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु । आरतीको हत्यामा संलग्न अपराधीहरूको पहिचान गरी कानुनी दायरामा ल्याई तिनीहरूलाई कारबाही गर्नको निम्ति पहल गरियोस् र म फेरि पनि के जोड्न चाहन्छु भने सरकार..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य बामदेव गौतम ।

(१३:०७ बजे) **<u>माननीय श्री बामदेव गौतम (मनोनीत)</u>**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाबाट (**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य माइक ।) राष्ट्रिय मर्यादासम्बन्धी विधेयक पारित

भएर प्रतिनिधि सभामा गा'को छ । सञ्जोगवश म त्यो पारित हुँदाखेरि यहाँ थिइनँ । तर मैले त्यसमा अत्यन्त गम्भीर त्रुटि रहेको आफ्नो मत जाहेर गर्न पर्ने थियो । त्यो मैले त्यस बेला गर्न पाइन । यो राष्ट्रिय मर्यादासम्बन्धी विधेयकले नेपाली जनतालाई विभाजन गर्ने, सबभन्दा तल्लोस्तरमा रहेकालाई सबैले माथिबाट थिच्नुपर्ने र सबभन्दा माथिको व्यक्तिलाई श्री ५ भन्न पर्नेसम्मको स्थिति यसले सिर्जना गऱ्या छ । त्यसो भएर यसले हामीलाई राम्रो ठाउँमा होइन नराम्रो ठाउँमा पुऱ्याएको छ । हामी समानताको निम्ति लड्नेहरू आज यस्ता विषयमा विभाजन गरेर हामी माथि माथि माथि त्योभन्दा तल सर्वसाधारण जनतालाई राखेर अनि मर्यादा कायम गर्ने ठाउँमा पुग्या छौं । तर पनि राष्ट्रपतिको मर्यादा चाहिँ कायम भा' छैन । राष्ट्रपतिको त छुट्टै मर्यादा हुने होला नि? र त्यो..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य भगवती न्यौपाने ।

(१३:०९ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, तनहुँवासी जनताको एउटै प्रश्न छ । तनहुँमा सुविधा सम्पन्न हस्पिटल कहिले बन्छ? निकै पुरानो दमौली जिल्ला अस्पताल पन्ध्र शय्यामा सीमित छ । आवश्यक उपकरण र जनशक्तिको समेत पनि समस्या छ । यस वर्ष मात्रै डेङ्गीबाट सङ्क्रमित हुनेको सङ्ख्या ६ हजार ६ सय ६६ पुगेको छ भने उपचार समयमा नपाएको कारणले गर्दाखेरि पाँच जनाको ज्यान गएको छ । मृगौलासम्बन्धी बिरामीहरूको सङ्ख्या बढिरहेको छ । Dialysis का लागि तनहुँ कास्कीका पूर्वी भेग, गोरखा र लम्जुङको पश्चिमी भेगबाट बिरामीहरू त्यहाँबाट आउनुहुन्छ । Dialysis machine, bed र जनशक्तिको कमीले गर्दा बिरामीहरूले समयमा उपचार पाइराख्नुभएको छैन ।

सम्माननीय अध्यक्षज्यू, तनहुँबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरू प्रधानमन्त्री, पटक पटक मन्त्रीहरू, सभामुख हुँदै अहिले राष्ट्रपतिसम्म पनि हुनुभएको छ । तर तनहुँले एउटा सुविधा सम्पन्न हस्पिटल पाउन सकेको छैन । यो कहिले बन्छ हस्पिटल? म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य राधेश्याम पासवान ।

(१३:१० बजे) **<u>माननीय श्री राधेश्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्षज्यू, आरती साहको हत्या भ'को पाँच महिना भइसक्यो अध्यक्ष महोदय । वहाँ धनुषावासी हुनुहुन्छ । र हत्यामा अहिलेसम्म अपराधीहरूलाई कारबाही हुनसकेको छैन । र यसलाई छिटोभन्दा छिटो कारबाही होस् । र आरती शाहको फोटो यही हो । यसमा डामहरू सबै देखिरा' छ । तर पनि प्रहरी प्रशासनले यसमा मिलेमतो गरेर दोषीहरूलाई छोड्यो र अनुसन्धान प्रक्रिया गलत गर्‍यो । अहिलेसम्म तपाईंको काठमाडौंको काठमाडौं माइतीघर मण्डला वहाँहरू बसिरा' छन् । तर पनि वहाँहरूले न्यायको खोजीमा छ । अहिले चाडपर्वहरू तपाईंको दिपावली, छठ पर्वहरू छ । तर वहाँहरू धर्नामा छ । दसैं बितिसक्यो । दसैंमा सबै जना हामी घरमा गयौं । तर वहाँहरू अहिलेसम्म धर्नामा छ । त्यसकारणले अध्यक्षसँग आग्रह छ कि यसको छानबिन समिति गठन गरेर प्रहरी प्रशासनको दोषी छ । अनुसन्धानमा जुन फितलो अनुसन्धान गर्‍यो, एसपी, डीएसपीहरू अनुसन्धान फितलो गरेर वहाँको बहिनीलाई पनि डीएसपीले कुटपिट गर्‍यो । जुन डाम छन् । वहाँको तल्लो पेटमा बुटले हान्दाखेरि तल्लो पेटबाट रगत बगेको थियो । त्यसकारणले वहाँहरूको दाबी हो कि प्रहरी प्रशासनद्वारा पनि..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य विमला घिमिरे ।

(१३:११ बजे) **<u>माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, कपिलवस्तु जिल्लाको सदरमुकामदेखि जहदी, झण्डा, वनगाई, भलवाड हुँदै अर्घाखाँचीको डोहोटेसम्म जाने सडकअन्तर्गतको झण्डा वनगाईको बिचमा रहेको वाणगंगा नदीमा दुई वर्षदेखि त्यहाँ कज्वे भत्किएर सडक अवरुद्ध भएको छ । यस वर्ष त्यहाँ पुल निर्माणका निम्ति योजना त पर्‍यो तर त्यहाँ जम्मा पाँच लाख रुपियाँ मात्रै बजेट विनियोजन भएको हुनाले त्यो टेन्डर हुने कुनै सम्भावना छैन । त्यसैले अहिले पनि दुई वर्षदेखि अवरुद्ध भएको त्यो सडकलाई म यो सम्माननीय अध्यक्षज्यूमार्फत म भौतिक पूर्वाधार तथा यातायात मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु । यसै वर्ष डीपीआर र टेन्डर हुने गरी फेरि बजेटको व्यवस्था गरेर सडकलाई सुचारु गर्नका निम्ति म ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य शारदा देवी भट्ट ।

(१३:१२ बजे) **माननीय शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- बझाङ र धादिङमा गएको भूकम्पमा परी भत्किएका मानव बस्तीमा त्रिपाल र न्यानो कपडा, दबाइ औषधीहरूको प्रबन्ध मिलाउन अध्यक्षज्यूमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । बालबच्चा, ज्येष्ठ नागरिकलाई सारै अप्ठ्यारो छ । तुरुन्त सरकारको ध्यान जाओस् भन्ने भन्न चाहन्छु । धन्यवाद ।

(१३:१३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन् । अब म उक्त पत्रहरूको बेहोरा क्रमशः जानकारी गराउँदछु ।

माननीय सहरी विकास मन्त्री सिता गुरुङ मलेसियाको क्वालालम्पुरमा हुने हाई लेभल फिफ्टिन्थ रिजनल इन्भारोमेन्टली सस्टेनेबल ट्रान्सपोर्ट फोरम इन एसिया विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८० साल कार्तिक ४ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको सहरी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु।

(बैकुण्ठ अर्याल)

मुख्यसचिव

२०८०/०७/०२

माननीय अर्थ मन्त्री डाक्टर प्रकाशशरण महत बेलायतमा आयोजना हुने उच्चस्तरीय लगानी

सम्मेलनमा सहभागी हुन संवत् २०८० साल कार्तिक ११ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु।

माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद संयुक्त राज्य अमेरिकाको औपचारिक भ्रमणको लागि संवत् २०८० साल कार्तिक १२ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेत भारतको नयाँ दिल्लीमा आयोजना हुने सेभेन्टी सिक्स्थ सेसन अफ द डब्लूएचओ रिजनल कमिटी फर साउथ-इस्ट एसिया विषयक सभामा सहभागी हुन संवत् २०८० साल कार्तिक १२ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु।

(बैकुण्ठ अर्याल)

मुख्यसचिव

२०८०/०७/१२

माननीय सदस्यहरू, अब म, विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई "विद्युतीय व्यापार विधेयक, २०८०" सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

**(१३:१५ बजे) विधायन व्यवस्थापन समितिका सभापति माननीय श्री जयन्ती देवी राईः-** सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको संवत् २०८० साल साउन ४ गते बसेको बैठकले विद्युतीय व्यापार विधेयक, २०८० माथि दफावार छलफलका लागि यस समितिमा पठाइएको थियो । प्राप्त संशोधन प्रस्तावसहित विधेयकमाथि विभिन्न मितिमा दसपटक बैठक बसेको थियो । र

समितिको बैठकहरूमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री संशोधन प्रस्तावकर्ताहरू, माननीय सदस्यहरू, सम्बन्धित मन्त्रालयका सचिव कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध कर्मचारीहरूलगायत सरोकारवालाहरूको उपस्थिति रहेको थियो । र यस विधेयकमाथि विभिन्न चरणमा भएको औपचारिक अनौपचारिक छलफलहरूमा सहभागी हुनुभएका सबै प्रतिवेदन लेखनसमेत सहयोग गर्नुहुने सम्बद्ध सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय समितिद्वारा संवत् २०८० साल कार्तिक १५ गते समितिको बैठकद्वारा पारित "विद्युतीय व्यापार विधेयक, २०८०" सम्बन्धी प्रतिवेदन यस सम्मानित सदनसमक्ष पेस गर्दछु । धन्यवाद ।

**(१३:१७ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै ९ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै ९ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः १३:१७ बजे ।**